# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड १) देवदह नगरपालिका, मितिः २०७५/०३/३१ (संख्या १**

## भाग–२

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७५ सालको कार्यविधि नं. १

### कार्यविधिको नाम : देवदह नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७५/०३/२९

नगरभित्रका आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुनर्स्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि

स्थानिय स्तरमा आर्थिक स्रोत संकलन गरी परिचालन गर्न नगरपालिकास्तरीय बाल कोषको स्थापना गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम देवदह नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम उक्त कोष संचालन गर्न देहाय बमोजिमको कार्यविधि तयार गरी स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम “देवदह नगरपालिकाको बालकोष संचालन कार्यविधि, २०७५” रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) “कोष” भन्नाले यस कार्यविधिको बुंदा नं ३ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगरस्तरीय बाल कोष सम्झनुपर्छ ।

ख) “समिति” भन्नाले बालमैत्री स्थानीइ शासन नगर समिति सम्झनुपर्दछ ।

ग) “आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले कार्यविधिको बुंदा नं ९ मा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

घ) “संचालक समिति” भन्नाले कार्यविधिको बुंदा नं ४ मा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

**३. कोषको स्थापना :**

१) नगरपालिकाको नगरसभाबाट स्वीकृत भई लक्षित बर्गको लागि विनियोजित बालकोष स्थापना शिर्षकको बजेटबाट जोखिम अवस्थामा रहेका वा आपतकालीन अवस्थामा रहेका नगर भित्रका बालबालिकाको संरक्षण गर्न यो बाल कोषको स्थापना भएको छ ।

२) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) नगरपालिकाले यस कोषमा जम्मा गर्न प्राप्त रकम,

ख) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

ग) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

४. **संचालक समितिको गठन :** कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय संचालक समिति रहनेछ ।

क) बालमैत्री स्थानिय शासन (CFLG) नगर समिति अध्यक्ष - संयोजक

ख) बालमैत्री स्थानिय शासन (CFLG) नगर समिति उपाध्यक्ष - सह संयोजक

ग) नगर बाल संजालको अध्यक्ष - सदस्य

घ) बालमैत्री फोकल पर्शन - सदस्य

ङ) बालमैत्री स्थानिय शासन (CFLG) नगर समितिका सदस्य - सदस्य सचिव

५. **संचालक समितिको काम कर्तब्य र अधिकार :** संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुनर्मिलन गर्ने गराउने,

ख) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा प्रतिब्यक्ति बढिमा रु ५०००।- (पाँच हजार) सम्म सहयोग गर्ने,

ग) बालमैत्री स्थानिय शासन (CFLG) नगर समितिले दिएको निर्देशन पालना गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण बालमैत्री स्थानीय शासन नगर समितिमा पेश गर्ने,

ङ) कोषको आय-ब्ययको विवरण अद्यावधिक गर्ने,

च) कोषको बृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,

छ) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,

ज) संचालक समितिले गरेको आय-ब्ययको विवरण बालमैत्री स्थानीय शासन नगर समितिमा पेश गर्ने ।

झ) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

६. **संचालक समितिले गर्न नहुने कामहरु :** संचालक समितिले देहायका काम गर्न गराउन हुँदैन ।

क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै ब्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

७. **संचालक समितिको बैठक:** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि बालमैत्री स्थानीय शासन नगर समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न संचालक समितिको बैठक देहाय बमोजिम बस्नेछ :

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थीतिमा अध्यक्षता सञ्चालक समितिको सह संयोजकले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान बालमैत्री स्थानिय शासन नगर समितिको कार्यालयमा रहनेछ ।

**८. लेखा परिक्षण** : कोषको प्रत्येक बर्ष आय-व्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

**९. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः-**

१) हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,

२) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिका,

३) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका बालबालिका,

४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता र्दुव्यवहारबाट पिडित बालबालिका,

५) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका बालबालिका,

६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका बालबालिका,

७) यौनशोषण, यौन र्दुव्यवहार, बेचविखन वा ओसार पसारमा परेका बालबालिका,

८) हिंसाबाट प्रभावित एवं पिडित भएका बालबालिका,

९) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,

१०) अपांगता भएका बालबालिका,

११) सुस्त मनस्थीति भएका बालबालिका,

१२) अपहरण वा शरिर बन्धकमा परेका बालबालिका,

१३) सडक बालबालिका,

१४) एच.आई.भि. एड्स संक्रमित भएका बालबालिका,

१५) नगर बाल संरक्षण समितिले तोकेका अन्य बालबालिका ।

**१०. निवेदन दिन सक्नेः-**

यस कार्यविधिको बुंदा नं ९ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी नगर विकास समिति स्थित जो कुनै सरोकारवाला वा व्यक्तिले समितिको सचिवालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**११. खाताको सञ्चालन :-**

बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त "क" वा "ख" बर्गको बैकमा खाता खोली जम्मा गर्न सकिनेछ । खाता सञ्चालन गर्ने क्रममा चल्ति वा बचत दुबै प्रकारको खातामा खोल्न सकिनेछ साथै सञ्चालक समितिको संयोजक, बालमैत्री फोकल पर्शन र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन हुनेछ ।

**१२. अन्य खर्चः-**

कोषको संचालक समितिले आवश्यक परेमा बालमैत्री स्थानीय शासन नगर समितिको निर्णयानुसार मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने यातायात खर्च बापतको खर्च रकम भुक्तानी दिन सक्नेछ ।

**१३. कोष खारेज हुन सक्ने अवस्था :-**

कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित सञ्चालक समिति, बालमैत्री स्थानिय शासन नगर समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरस्तरीय बालमैत्री स्थानीय शासन समितिको अगुवाईमा बाल हितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

प्रमाणीकरण मिति : २०७५/०३/३१

आज्ञाले<br>
श्रीकृष्ण नेपाल<br>
प्रमुख प्रशासकीय अधिकृत